# पञ्चेश्वर गाँउपालिका
# गाँउ कार्यपालिकाको कार्यालय
आमचौरा, बैतडी

सम्पर्क:९८५८७८४०००
Email: ito.pancheshwormun@gmail.com
सुदूरपश्चिम प्रदेश, नेपाल


## डोजर (ब्याक हो लोडर) भाडामा लिने सम्बन्धि सूचना ।

(पहिलो पटक सूचना प्रकाशन मितिः २०८१।०६।०४)

यस पञ्चेश्वर गाउँपालिका भित्र वर्षाको समयमा भारी वर्षाको कारण पहिरो गई अवरोध भएका सडकहरुमा थुप्रिएका माटो तथा ढुंगाहरु सफा गर्न तथा सडकमा भएका खाल्टाखुल्टी पुर्ने, सम्याउने कार्य गर्नका लागि डोजर (ब्याक हो लोडर) भाडामा लिनुपर्ने भएकोले इच्छुक फर्म वा निर्माण व्यवसायीहरुले निम्न शर्तहरुको अधिनमा रही रितपुर्वक तपसिलका कागजपत्रहरु संलग्न गरी सिलबन्दी दररेट पेश गर्नुहुन यो सुचना प्रकाशन गरिएको छ ।

तपशिलः

१.प्रथम पटक सुचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र वा मिति २०८१।०६।१० गते कार्यालय सयम भित्र सम्वन्धित निर्माण व्यवसायीले आफ्नो कागजातको प्रमाणित प्रतिलिपी संलग्न राखी यस कार्यालयबाट फिर्ता नहुने गरी यस कार्यालयको नविल बैंक पञ्चेश्वर शाखा स्थितमा रहेको ग.१.१ आन्तरिक राजस्व खाता नं. ०७६०१०१७५००१६४ मा रु. १०००/-(एक हजार) दाखिला वा गाउँपालिकाको राजस्व शाखामा बुझाई सिलबन्दी दररेट फारम खरिद गर्न सकिनेछ ।

२.इच्छुक फर्म वा निर्माण व्यवसायीले उक्त सिलबन्दी दररेट फारम मिति २०८१।०६।११ गते बिहान १२:०० बजे भित्र गाउँपालिकामा दर्ता गरिसक्नु पर्नेछ । उक्त सिलबन्दी दररेट फारम सोहि दिन दिउसो २:०० बजे गाउँ कार्यापालिकाको कार्यालय, आमचौरा खोलिनेछ । सिलबन्दी दररेट पत्र दर्ता गर्ने तथा खोल्ने दिन सार्वजनिक विदा पर्न भएमा कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

३.सिलबन्दी दररेट उल्लेख गर्दा प्रति घण्टा दर कर बाहेक उल्लेख गर्नुपर्नेछ (आ.व २०८१।०८२ को जिल्ला दररेटमा नबढ्ने गरेर पेश गर्नु पर्नेछ। । डोजरको इन्धन, मर्मत खर्च, सुरक्षा, चालक र सहयोगी खर्च स्वयं डोजर धनीले व्यहोर्नुपर्नेछ ।दररेट उल्लेख गर्दा अनिर्वाय रुपमा अंक र अक्षरमा प्रष्ट उल्लेख गर्नुपर्नेछ ।अंक प्रष्ट नभएमा अक्षरमा खुलाइएको दररेटलाई मान्यता दिइने छ।

४.डोजर भाडामा उपलब्ध गराउदा मेशिनको क्षमता अनिर्वाय रुपमा उल्लेख गरेको हुनुपर्नेछ । चालु अवस्थामा रहेको ब्याक हो लोडर हनुपर्नेछ ।पहिरो गएको अवस्थामा कार्यालयको निर्देशन अनुसार सडक सरसफाई गर्नु पर्नेछ

५.एक पटक पेश भएको सिलबन्दी दररेट फिर्ता वा संशोधन गर्न सकिने छैन ।

६.सिलबन्दी दररेट स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ ।

कृष्ण बहादुर बोहरा
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

पञ्चेश्वर गाँउपालिका
गाँउ कार्यपालिकाको कार्यालय
आम्चौरा, बैतडी
सम्पर्क:९८५८७८४०००
Email: ito.pancheshwormun@gmail.com
सुदूरपश्चिम प्रदेश, नेपाल

७. कार्यालयले भाडामा लिएको डोजको भाडा प्रतिघण्टा प्राविधिक इस्टिमेट तथा कार्य सम्पन्न प्रतिवेदन सहित कार्यालयको कार्य गर्नुभन्दा अगाडी र कार्य सम्पन्न फोटाहरु प्राप्त भए पश्चात सो को आधारमा भुक्तानी हुनेछ र कारोबारमा हुने करको दायित्व सम्बन्धित फर्म वा निर्माण व्यवसायीको हुनेछ ।

८.माथि उल्लेख भएकोमा सोही अनुसार र अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र अन्य प्रचलित नेपाल कानुन बमोजिम हुनेछ ।

दरभाउपत्रका साथ पेश गर्नुपर्ने कागजातहरु:

- फर्म दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाणप्रत्रको प्रतिलिपी,
- चालकको नागरिकता प्रमाण पत्र र चालक अनुमतिपत्रको प्रतिलिपि,
- डोजर नवीकरण भएको ब्लुबुक र तेस्रो पक्ष बीमाको प्रमाणित कागजातहरुको प्रतिलिपि,
- रु १००० तिरेको राजस्वको सक्कल प्रति

कृष्ण बहादुर बोहरा
प्रमुख प्रशासकीय अधिकृत

कृष्ण बहादुर बोहरा
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू

पञ्चेश्वर गाउँ कार्यपालिकाको कार्यालय

आमचौरा, बैतडी ।

मितिः२०८१।..........।...........

विषयः दररेट पेश गरेको सम्बन्धमा !

प्रस्तुत विषयका सन्दर्भमा तहाँ कार्यालयको मिति २०८१।०६।०४ गते डोजर भाडामा लिने सम्बन्धी प्रकाशित सुचनामा उल्लेख भएका शर्त अनुसार देहाय बमोजिम प्रति घण्टा दररेटमा डोजर (ब्याक हो लोडर) उपलब्ध गराउन इच्छुक भएकोले संलग्न कागजात सहित यो दररेट पेश गरेको छु ।

| |
|---|
| प्रति घण्टा डोजरको भाडा रु................................................................... |
| (अक्षरमा............................................................................................ |
| VAT बाहेक |

आवश्यक कागजातहरुः

- फर्म दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाणप्रत्रको प्रतिलिपी,
- चालकको नागरिकता प्रमाण पत्र र चालक अनुमतिपत्रको प्रतिलिपि,
- डोजर नवीकरण भएको ब्लुबुक र तेस्रो पक्ष बीमाको प्रमाणित कागजातहरुको प्रतिलिपि,
- रु १००० तिरेको राजस्वको सक्कल प्रति,

दररेट पेश गर्नेको

दस्तखतः

फर्मको नामः

ठेगानाः

फर्मको छापः

सम्पर्क नं.

(पुनश्चः सम्बन्धित व्यक्ति वा फर्मले गाउँपालिकाको राजस्व शाखाबाट रु. १०००।को राजस्व तिरी फाराम खरिद गरी गाउँपालिकाको अधिकार प्राप्त अधिकारीबाट प्रमाणित गराई दररेट पेश गर्नुपर्नेछ

CamScanner